धुनिबेंशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जुगेडी, धादिङ

बागमती प्रदेश, नेपाल


प.सं ०८२/०८३ मिति:२०८२/१०/०९

च.नं.

## सुचना ! सुचना !! सुचना !!!

**वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/१०/०२ को सूचना, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २३७, मिति २०८२/१०/०४ को पत्रानुसार कार्य भिसामा विदेश गई कम्तीमा १ वर्ष काम गरी स्वदेश फर्किएर १ वर्ष वा सोभन्दा बढी व्यवसाय/उद्यम गरी बसेका उद्यमीहरुलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची २ बमोजिमको आवेदन फारम भरी तपसिलको कागजात सहित खामबन्दी गरी मिति २०८२/१०/२२ गते भित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबारको सूचना प्रविधि तथा तथ्याङ्क शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको info@moless.gov.np मा इमेल पठाउनुहुन सबैमा जानकारीका लागि अनुरोध छ ।

तपसिलका कागजातहरु :

१. नेपाली नागरिकताको प्रतिलिपी,
२. श्रम स्वीकृतिको प्रतिलिपी,
३. भिसा सहितको राहदानीको प्रतिलिपी,
४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी,
५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,
६. गत आ.व २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,
७. यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा ।

(नोट : मन्त्रालयको वेवसाइट www.moless.gov.np बाट फर्म Download गर्न सकिनेछ , थप जानकारीका लागि ९८४३७२५०००)

प्रमिला पाठक
रोजगार संयोजक